# हलेसी तुवाचुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प.स.२०८१/०८२
च.नं.

दुछिम, खोटाङ
कोशी प्रदेश, नेपाल


**रक गार्डेन भाडामा सञ्चालन सम्बन्धी सूचना।**

**प्रकाशित मितिः २०८१/१०/२२**

यस हलेसी तुवाचुङ नगरपालिका अन्तर्गत वडा नं. ७ मा रहेको रक गार्डेन भाडामा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्ने भएकोले ईच्छुक सर्वसाधारण व्यक्ति, व्यवसायी, संघ, संस्था वा कम्पनीहरुलाई आफुले सञ्चलन तथा व्यवस्थापन गर्न चाहेको भाडा वापतको वार्षिक रकम बढाबढमा प्रस्ताव गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयमा खामबन्दी प्रस्ताव पेश गर्न हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। वार्षिक भाडा रु. ४,००,०००/- (अक्षेरुपी चार लाख मात्र) कम रकम प्रस्ताव गरिएका प्रस्तावहरु स्वीकृत गरिने छैन।

**तपसिलः**

| क्र.स. | ठेक्काको नाम | न्युनतम कबोल अंक रु. | प्रस्ताव पत्र फारम बुझाउने अन्तिम मिति र समय | प्रस्ताव पत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|
| १ | रक गार्डेन (बुङालुङ पार्क) सञ्चालन | ४ लाख (वार्षिक) | २०८१/१०/३० | २०८१/११/०१ |

- प्रस्ताव पत्र फारम रु. १०००। (एक हजार) तिरी यस कार्यालयको राजस्व शाखाबाट प्रास हुने छ। प्रस्ताव पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको ५ बजे कार्यालय समय भित्र खरिद गरि भोलिपल्ट १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।
- प्रस्ताव पत्र साथ जमानत बापत कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको माछापुच्छ्रे बैंक लि.हलेसी शाखामा धरौटी खाता न. ०७०००६५०९१७०००४१ मा जम्मा गरी भौचर पेश गर्नुपर्ने छ ।
- प्रस्ताव पत्र फारम दर्ता गर्ने अन्तिम दिन वा प्रस्ताव पत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।
- रितपुर्वक दाखिला भएको प्रस्ताव पत्रहरु तोकिएको मिति र समयमा प्रस्ताव पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा हलेसी तुवाचुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिनेछ। तर प्रस्ताव पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि प्रस्ताव पत्र खोल्न बाधा पर्ने छैन ।
- ५. म्याद नाधी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्ताव पत्रलाई मान्यता दिइने छैन।
- प्रस्ताव पत्र साथ प्रस्ताव पत्र दाताले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संगलन गर्नुपर्ने छ । संस्थाको हकमा दर्ताको प्रमाणपत्रको प्रतिलिपी नविकरण गरेको प्रतिलिपी, कर कार्यालयमा दर्ता भएको प्रतिलिपी, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य संगलन गरेको हुनुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- रक गार्डेन सञ्चालन सम्झोता पश्चात दोस्रो पक्षले 30 sq.ft सम्म अस्थायी संरचना बनाउन पाउने छ ।
- नेपालीको हकमा रू. २५ र विदेशीको हकमा रू. १०० को टिकेट दर हुनेछ र १० भन्दा बढी नेपाली नागरिकहरुको समुहमा बनभोज वा मनोरञ्जनात्मक कार्यक्रम गर्दा एकमुष्ट रू. ५०० शुल्क लिन पाइने छ ।
- सम्झौताको समयावधि ३ (तीन) वर्षको हुनेछ ।
- अन्य संरचना निर्माण गर्न चाहेको खण्डमा नगरपालिकाको अनुमति लिनु पर्नेछ ।
- प्रस्ताव पत्र स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियम अनुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्याथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ ।
- व्यक्ति वा फर्मले रक गार्डेन सञ्चालनका लागि लिएको प्रस्ताव नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन। बढी लिइएको पाइएमा वा लिइएको ठहरिएमा जरिवाना असुल गरिने छ र आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिने छ।
- कुनै कारण देखाई ठेक्का रकममा मिनाहा छुट, हर्जना सहुलियत माग गर्न पाउने छैन ।
- कुनैपनि चिठ्ठी , टेलिफोन, फ्याक्सबाट आएको प्रस्ताव पत्रलाई मान्यता दिइने छैन ।
- यस प्रस्ताव पत्र सम्बन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार, यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको प्रस्तावदाताले अक्षरस पालना गर्नुपर्नेछ।
- यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ।
- सम्झौता भएपछि अन्य दर्खास्त वालाहरुको धरौटीको रकम फिर्ता दिइनेछ ।
- अन्य जानकारीको लागि हलेसी तुवाचुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

०८१/१०/२२
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner